☎०७८-५४०१७०, ५४११११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

## प्रस्ताव आव्हानको सूचना

(दोस्रो पटक प्रकाशन मितिः २०८०/१०/१०)

कावासोती नगरपालिकाको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम र आर्थिक विकास समितिको मिति २०८०/१०/१० गतेको निर्णयानुसार प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका ***पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०*** बमोजिम देहायका उत्पादनमा आधारित अनुदान कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषक फर्म/समूह/समितिहरुले यो सूचना प्रकाशन भएको मितिले ७ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र .स | कार्यक्रमको नाम | आवश्यक कागजात तथा शर्तहरु |
|---|---|---|
| १ | हरियो घाँस विस्तार कार्यक्रम | १. घाँस लगाईएको जग्गाको जग्गाधनि पुर्जा वा जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)। <br> २. कम्तिमा ५ कट्ठा र बढीमा १ बिघा क्षेत्रफलमा घाँस लगाईएको हुनुपर्ने। |
| २. | माछा प्रवर्द्धन कार्यक्रम | १. माछा पोखरी निर्माण हुने वा क्षेत्र विस्तार हुने जग्गाको जग्गाधनि पुर्जा वा जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)। <br> २. कम्तिमा ३ कट्ठा र बढीमा २० कट्ठा क्षेत्रफलमा नयाँ पोखरी निर्माण वा क्षेत्र विस्तार हुनुपर्ने। |
| ३. | मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा) | १. फर्ममा मौजुदा कम्तिमा ५ वटा माउ बाख्रा हुनुपर्ने र थप गर्न ईच्छुक हुनुपर्ने। <br> २. फर्म भएको जग्गाको जग्गाधनि पुर्जा वा जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)। |

**थप आवश्यक कागजातहरु:**

१. ईच्छुक पशुपालन फर्म/समूह/समितिले पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८० को अनुसूची २ र ३ अनुसारका कार्ययोजना र निवेदन।
२. सम्बन्धित वडा कार्यालयबाट दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र।
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि।
४. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि।
५. PAN र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. समूह/समितिको हकमा कार्यक्रम सञ्चालन सम्बन्धी निर्णयको प्रतिलिपि र कार्यसमिति पदाधिकारीहरुको नामावली।
७. यसै प्रकृतिको कार्यका लागि विगत २ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।

**नोटः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाईट *www.kawasotikrishi.gov.np* बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०७८-५४०१७० मा सम्पर्क गर्न सकिनेछ।

शिलाराज पौडेल
प्रमुख प्रशासकिय अधिकृत